**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
सिंहदरबार, काठमाडौं

# कार्यक्रम सञ्चालन मार्गदर्शन

वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित, उपलब्धिमुलक एवं शोषणरहित बनाउन नेपाल सरकार र स्वीस सरकारको द्विपक्षीय सम्झौता अनुसार रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत सुरक्षित आप्रवासन परियोजना (SaMi) संचालनमा रहेको छ। सूचनामा पहुँच, सीपमा पहुँच, न्यायमा पहुँच, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता यस परियोजनाका मुख्य कार्यक्रमको रूपमा रहेका छन्।

रोजगार प्रवर्द्धन कार्यक्रमलाई नतिजामुखि वनाउनका लागि चालु आर्थिक वर्ष २०७८/२०७९ मा बजेट उपशीर्षक ३७१००१०१ मार्फत परियोजना कार्यान्वयनका लागि सम्बन्धित प्रदेश सरकारका लागि सामाजिक विकास मन्त्रालय मार्फत र स्थानीय तहहरूमा सशर्त नगद अनुदान अन्तर्गत LMBIS मा बजेट तथा कार्यक्रम स्वीकृत भइसकेको छ।
नेपाल सरकार, अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७८/२०७९ को वजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शन अनुसार नेपाल सरकारवाट प्रदेश सरकार र स्थानीय तहमा उपलब्ध गराईएका सशर्त /नि-सर्शत अनुदानमा विगतका आर्थिक वर्षमा तयार भई लागु भएका खर्चका मापदण्डमा अतिरिक्त, **अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४** को दफा ९(२) बमोजिम नेपाल सरकारले सशर्त अनुदान प्रदान गर्दा योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशन सम्बन्धित प्रदेश तथा स्थानीय तहले पालना गर्नुपर्नेछ भन्ने कानुनी व्यवस्था भए अनुरुप नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारवीच भएको द्विपक्षीय सम्झौता कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहका लागि छुट्टै नीति तथा कार्यविधि नबनुञ्जेल सम्मका लागि देहाय वमोजिम कार्यक्रम कार्यान्वनय गर्न यो मार्गदर्शन तयार गरिएको छ।
परियोजना दस्तावेज, परियोजना कार्यान्वयन निर्देशिका, २०७६ र नेपाल सरकारको प्रचलित ऐन, कानून, नियमावली र निर्देशिकाको आधारमा यस चालु आर्थिक वर्ष २०७८/७९ का लागि बजेट उपशीर्षक ३७१००१०१ मा बजेट तथा कार्यक्रम LMBIS मा प्रविष्ट गरिएको छ।

## सशर्त अनुदानको कार्यान्वयनका शर्तहरू:

### क) प्रदेश सरकार

१. सुरक्षित आप्रवासन परियोजनाको संचालन तथा कार्यान्वयन सुरक्षित आप्रवासन परियोजना कार्यान्वयन निर्देशिका,२०७६ बमोजिम हुनेछ।

२. सुरक्षित आप्रवासन परियोजना कार्यान्वयन निर्देशिका, २०७६ को परिच्छेद ३ बमोजिम परियोजनाको उद्देश्य अनुरूप स्थानीय आवश्यकता अनुसार परियोजना कार्यान्वयनको जिम्मेवारी स्थानीय तहको हुनेछ।कार्यक्रम कार्यान्वयन गरी परियोजनासँग सम्बधित स्थानीय तहले परियोजनाको अनुगमन तथा मुल्याकंन र प्रतिवेदन पेश गर्नुपर्नेछ ।

३. परियोजनाको आय तथा व्यको लेखाङ्कन र खर्च प्रकृया परियोजना दस्तावेज, परियोजना कार्यान्वयन निर्देशिका, २०७६ र नेपाल सरकारको प्रचलित ऐन, कानुन, नियमावली र निर्देशिका बमोजिम हुनेछ ।समग्र वित्त अनुशासन कायम गर्ने र कार्यक्रमको उद्देश्य अनुसार लक्ष्य प्राप्ति हुने गरी प्रचलित आर्थिक कानुन अनुसार खर्च गर्ने, लेखाङ्कन गर्ने र सोको लेखा परीक्षण गर्नु गराउनु पर्नेछ।

४. सामाजिक विकास मन्त्रालयले त्रैमासिक अवधि समाप्त भएको मितिले ७ दिनभित्र म.ले.प.फा.न. २१० र आर्थिक वर्ष समाप्त भएको मितिले १५ दिनभित्र प्रमाणित आर्थिक विवरण म.ले.प.फा.न. २१०, २१३ र २१४ यस मन्त्रालयमा Softcopy सहित पठाउनु पर्नेछ ।निर्धारित समय भित्र आर्थिक विवरण प्राप्त हुन नआएमा आगामी आर्थिक वर्षको निकासा रोक्का हुनेछ।

५. आर्थिक विवरण पठाँउदा प्रदेश लेखा नियन्त्रक कार्यालयको TSA संग रूजु गरी पठाउनु पर्नेछ।

६. कार्यक्रमको खर्च भुक्तानी गर्दा अनिवार्य रुपमा सम्वधित व्यक्ति/फर्म/संस्थाको बैक खातामार्फत मात्र भुक्तानी गर्नुपर्नेछ।

७. यस परियोजनाको रोजगार प्रवर्द्धन कार्यक्रम बजेट ब.उ.शी.नं. ३७१००१०१ खर्च शिर्षक नं. २६३३२ वाट प्रदेश सरकारको सामजिक विकास मन्त्रालयमा यस आर्थिक वर्ष २०७८/७९ का लागि स्वीकृत बजेट तथा कार्यक्रम बिनियोजन गरी LMBIS मा प्रविष्ट भइसकेको छ। कार्यक्रम र स्रोतगत रुपमा निश्चित गरी सम्बन्धित कार्यक्रममा मात्र खर्च गर्नुपर्नेछ।

८. सुरक्षित आप्रवासन परियोजना सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा प्रचलित कानून, मापदण्ड, अर्थ मन्त्रालयबाट जारी मार्गदर्शन र कार्यसञ्चालन निर्देशिका, २०७७ मा भएका व्यवस्थाहरुको पूर्ण पालना गर्नुपर्नेछ।

## शिर्षकगत विवरण

| LMBISको सि. नं. | LMBIS मा विनियोजित शिर्षक | खर्च गर्न सकिने क्षेत्रहरु/ शिर्षक | परियोजना दस्तावेजमा/ परियोजना कार्यान्वयन निर्देशिका २०७६ मा भएका व्यवस्था |
|---|---|---|---|
| | | **प्रदेश (सामाजिक बिकास मन्त्रालय )** | |
| २.६.६.११ | प्रदेश तहमा निर्वाचित प्रतिनिधि तथा प्रशासनिक कर्मचारीलाई वैदेशिक रोजगारी सम्बन्धी प्रशिक्षण, अभिमुखीकरण तथा नीति, नियमावली, निर्देशिका र कार्यविधि निर्माण सम्बन्धि कार्य | • अभिमुखीकरण कार्यक्रम संचालनार्थ खर्च, जस्तैः चिया/ खाजा, खाना, स्टेसनरी र तालिम सामग्री व्यानर स्रोत व्यक्तिको पारिश्रिमक र स्थानीय यातायात आदि<br>• वैदेशिक रोजगारी सम्बन्धी नीति, नियमावली, निर्देशिका र कार्यविधि निर्माणको लागि तथ्यांक संकलक (गणक) हरुलाई अभिमुखीकरण तालिम (खाजा/ खाना र यातायात)<br>• परामर्शकर्ता तथा तथ्यांक संकलक (गणक)हरुलाई पारिश्रमिक<br>• डाटा विश्लेषण, प्रतिबेदन तयारी तथा छपाई | अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ तथा प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च गर्ने । |
| २.८.१.५ | परियोजना अनुगमन तथा मुल्यांकन | • यातायात, खाजा/खाना खर्च<br>• स्टेशनरी तथा मसलन्द खर्च | • कार्यक्रमको उद्देश्य अनुसार भ्रमण खर्च गर्ने<br>• भ्रमण आदेश र भ्रमण प्रतिवेदन अनिवार्य गर्ने । |
| १.२.४.२ | प्रदेश परियोजना समन्वय समितिको नियमित बैठक | प्रदेश परियोजना समन्वय समिति बैठक सञ्चालनको लागि हुने खर्चा | अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ अनुसार खर्च गर्ने । |

**ख)** **<u>स्थानीय तह</u>**

१. सुरक्षित आप्रवासन परियोजनाको संचालन तथा कार्यान्वयन सुरक्षित आप्रवासन परियोजना कार्यान्वयन निर्देशिका,२०७६ बमोजिम हुनेछ ।

२. सुरक्षित आप्रवासन परियोजना कार्यान्वयन निर्देशिका, २०७६ को परिच्छेद ३ बमोजिम परियोजनाको उद्देश्य अनुरूप स्थानीय आवश्यकता अनुसार परियोजना कार्यान्वयनको जिम्मेवारी स्थानीय तहको हुनेछ ।कार्यक्रम कार्यान्वयन गरी परियोजनासँग सम्बधित स्थानीय तहले परियोजनाको अनुगमन तथा मुल्यांकन प्रतिवेदन पेश गर्नुपर्नेछ।

३. (क)स्थानीय तह आफैले परियोजनाका लागि कर्मचारी नियुक्ति गरी कार्यक्रम संचालनको लागि नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७४/०१/२१ को निर्णय बमोजिम कर्मचारीलाई सुविधा उपलब्ध गराउनु पर्नेछ । स्थानीय तहले परियोजना कार्यान्वयन निर्देशिका, बजेट र आवश्यकता अनुसार जनशक्ति व्यवस्थापन गर्न सक्नेछ।

| सि.न. | पद | आधारभूत तलब | चाडपर्व खर्च | १३ महिना कुल तलब तथा सुबिधा | कैफियत |
|---|---|---|---|---|---|
| १. | आप्रवासी स्रोत केन्द्रको - परियोजना संयोजक | ४२,३८०/- | ४२,३८०/- | ५५०,९४०/- | |
| २. | आप्रवासी स्रोत केन्द्रको-वित्त तथा प्रशासन अधिकृत वा सामाजिक परिचालन अधिकृत | ३७,९९०/- | ३७,९९०/- | ४,९३,८७०/- | |
| ३. | आप्रवासी स्रोत केन्द्रको-सूचना तथा परामर्शकर्ता | ३०,२००/- | ३०,२००/- | ३,९२,६००/- | |
| ४. | सामाजिक परिचालक | ३०,२००/- | ३०,२००/- | ३,९२,६००/- | |
| ५. | वित्तीय साक्षरता सहजकर्ता | ३०,२००/- | ३०,२००/- | ३,९२,६००/- | |
| ६. | मनो समाजिक परामर्शकर्ता | ३०,२००/- | ३०,२००/- | ३,९२,६००/- | |
| ७. | रिर्टनी स्वयंमसेवक प्रति महिना (तलब तथा पर्व खर्च ) | १३,५००/- | १३,५००/- | १,७५,५००/- | मासिक संचार, यातायात, दैनिक भ्रमण भत्ता रिर्टनी स्वयंम सेवक वजेट शिर्षकवाट भुक्तानी गर्ने र नपुग रकम आप्रावसी स्रोत केन्द्रको कार्यालय संचालन खर्च/ कर्मचारी भ्रमण/शिरोभार शिर्षकवाट खर्च गर्ने |

३.(ख) सेवा प्रदायक संस्था सगँ समझौता गरी कार्यान्वयनमा भएको स्थानीय तहले संझौता अनुसार मात्र परियोजना कर्मचारीलाई पारिश्रमिक भुक्तानी दिनुपर्नेछ।

४. परियोजनाको आय तथा व्यको लेखाङ्कन तथा खर्च प्रकृया परियोजना दस्तावेज, परियोजना कार्यान्वयन निर्देशिका, २०७६ र नेपाल सरकारको प्रचलित ऐन, कानुन, नियमावली र निर्देशिका बमोजिम हुनेछ ।समग्र वित्त अनुशासन कायम गर्ने र कार्यक्रमको उद्देश्य अनुसार लक्ष्य प्राप्ति हुने गरी लागि प्रचलित आर्थिक कानुन अनुसार खर्च गर्ने, लेखाङ्कन गर्ने र सोको लेखा परीक्षण गर्नु गराउनु पर्नेछ ।

५. स्वीकृत कार्यक्रममा विनियोजित बजेट जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट निकासा प्राप्त गरी सुत्र प्रणाली (SuTRA Software) मा प्रविष्ट गरी मात्र खर्चको लेखाकंन तथा भुक्तानी दिनुपर्नेछ । आर्थिक विवरण पठाँउदा सुत्र प्रणाली (SuTRA Software) र कोष तथा लेखा नियन्त्रक कार्यालयको TSA संग रूजु गरी पठाउनु पर्नेछ। शर्त नं ९ अनुसार प्राप्त कार्यक्रम र श्रोत र श्रोतको प्रकार अनुसार खर्च गरी प्रतिबेदन गर्नु पर्नेछ ।

६. स्थानीय तहले त्रैमासिक अवधि समाप्त भएको मितिले ७ दिनभित्र म.ले.प.फा.न. २१० र आर्थिक वर्ष समाप्त भएको मितिले १५ दिनभित्र प्रमाणित आर्थिक विवरण म.ले.प.फा.न. २१०, २१३ र २१४ यस मन्त्रालयमा Softcopy सहित पठाउनु पर्नेछ । निर्धारित समय भित्र आर्थिक विवरण प्राप्त हुन नआएमा आगामी आर्थिक वर्षको निकासामा रोक्का हुनेछ ।

७. कार्यक्रमको खर्च भुक्तानी गर्दा अनिवार्य रुपमा सम्वधित व्यक्ति/फर्म/संस्थाको बैक खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

८. आर्थिक वर्षको अन्त्यमा कार्यक्रम अनुसार खर्च हुन नसकेको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत नेपाल सरकारको सोही आ.व. भित्र एकल कोष खातामा जम्मा गरी निकासा र खर्च वनाउनु पर्नेछ।

९. यस परियोजनाको रोजगार प्रवर्द्धन कार्यक्रम बजेट ब.उ.शी.नं. ३७११००१०१ खर्च शिर्षकनं. २६३३२ वाट स्थानीय तहमा यस आर्थिक वर्ष २०७८/७९ का लागि स्वीकृत बजेट तथा कार्यक्रम बिनियोजन गरी LMBIS मा प्रविष्ट भइसकेको छ । कार्यक्रम र स्रोतगत रुपमा निश्चित गरी सम्बन्धित कार्यक्रममा मात्र खर्च गर्नुपर्नेछ।

१०. सुरक्षित आप्रवासन परियोजना सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा प्रचलित कानून, मापदण्ड, अर्थ मन्त्रालयबाट जारी मार्गदर्शन र कार्यसञ्चालन निर्देशिका २०७७ मा भएका व्यवस्थाहरुको पूर्ण पालना गर्नुपर्नेछ।

**शिर्षकगत विवरण**

| LMBIS को सि. नं. | LMBIS मा विनियोजित शिर्षक | खर्च गर्न सकिने क्षेत्रहरु/ शिर्षक | परियोजना दस्तावेजमा/ परियोजना कार्यान्वयन निर्देशिका २०७६ मा भएका व्यवस्था |
|---|---|---|---|
| १.१.२.७ | तलब तथा सुबिधा- आप्रावसी स्रोत केन्द्रको कर्मचारी | आप्रावसी स्रोत केन्द्र संचालन गर्न नियुक्त कर्मचारीहरूको तलब तथा सुबिधा खर्च<br>औषधि उपचार तथा दुर्घटना विमा :<br>• श्रम ऐन, २०७४ अनुसार रू १ लाख सम्मको औषधि उपचार विमा ( प्रिमियम खर्च ५० प्रतिशत रोजगारदाता र ५० प्रतिशत कर्मचारीले व्यहोर्नु पर्नेछ ।)<br>• श्रम ऐन, २०७४ अनुसार रू ७ लाख सम्मको दुर्घटना विमा ( विमाको सम्पूर्ण प्रिमियम खर्च रोजगारदाता व्यहोर्नु पर्नेछ ।) | परियोजनाका कर्मचारीहरूलाई तलब तथा सुविधा भूक्तानी गर्नेः<br>• परियोजाना संयोजक १ जना<br>• लेखा तथा प्रशासन अधिकृत वा सामाजिक परिचालन अधिकृत १<br>• सूचना परार्मशकर्ता २ जना<br>• समाजिक परिचालक १ जना (१५ जिल्लाको हकमा) र स्थानीय तहले परियोजना आफै संचालन गरेको अवस्थामा सामाजिक परिचालक र आवश्यकता अनुसार थप जनशक्ति परिचालन गर्न सक्नेछ । |
| १.१.२.९ | तलब तथा सुबिधा- वित्तीय साक्षरता सहजकर्ता | वैदेशिक रोजगारीमा गएको आप्रवासी कामदारको घरपरिवारको सदस्यलाई वित्तीय साक्षरता कक्षा सञ्चालन गर्नका लागि नियुक्त कर्मचारीको तलब तथा सुबिधा खर्च<br>औषधि उपचार तथा दुर्घटना विमा :<br>• श्रम ऐन, २०७४ अनुसार रू १ लाख सम्मको औषधि उपचार विमा ( प्रिमियम खर्च ५० प्रतिशत रोजगारदाता र ५० | परियोजनाका कर्मचारीलाई तलब तथा सुविधा भूक्तानी गर्नेः<br>वित्तीय साक्षरता सहजकर्ता १ जना |

| | | | |
|---|---|---|---|
| | | प्रतिशत कर्मचारीले व्यहोर्नु पर्नेछ ।)<br>• श्रम ऐन, २०७४ अनुसार रू ७ लाख सम्मको दुर्घटना विमा ( विमाको सम्पूर्ण प्रिमियम खर्च रोजगारदाता व्यहोर्नु पर्नेछ ।) | |
| १.१.२.१३ | तलब तथा सुबिधा-मनोसामाजिक परामर्शकर्ता | वैदेशिक रोजगारीमा गएको आप्रवासी कामदारको घरपरिवारका सदस्यलाई मनोसामाजिक परामर्श प्रदान गर्न नियुक्त कर्मचारीको तलब तथा सुबिधा खर्च<br>औषधि उपचार तथा दुर्घटना विमा :<br>• श्रम ऐन, २०७४ अनुसार रू १ लाख सम्मको औषधि उपचार विमा ( प्रिमियम खर्च ५० प्रतिशत रोजगारदाता र ५० प्रतिशत कर्मचारीले व्यहोर्नु पर्नेछ ।)<br>• श्रम ऐन, २०७४ अनुसार रू ७ लाख सम्मको दुर्घटना विमा ( विमाको सम्पूर्ण प्रिमियम खर्च रोजगारदाता व्यहोर्नु पर्नेछ ।) | परियोजनाका कर्मचारीलाई तलब तथा सुविधा भूक्तानी गर्नेः<br>• मनोसामाजिक परार्मशकर्ता १ जना |
| १.२.४.४ | स्थानीय सरकार परियोजना व्यबस्थापन समितिको बैठक | स्थानीय सरकार परियोजना व्यवस्थापन समिति बैठकसञ्चालनको लागि हुने खर्च | अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ अनुसार खर्च गर्ने । |
| २.५.७.१ | रिटर्नी स्वयंमसेवक परिचालन | सुरक्षित वैदेशिक रोजगारीमा जाने संभावित आप्रवासी कामदार तथा स्वदेश फिर्ती आप्रवासी कामदारलाई प्रभावकारी सूचना तथा आवश्यक सहयोग पुऱ्याउन र तिनीहरूलाई आप्रवासी स्रोत केन्द्रसँग सहजिकरण तथा समन्वय गर्न नियुक्त रिटर्नी स्वयंम सेवकको | परियोजनाका कर्मचारीहरूलाई तलब तथा सुविधा भूक्तानी गर्ने<br>• प्रत्येक स्थानीय तहमा कार्यरत (रिटर्नी स्वयंमसेवक ३ जना) |

| | | | |
|---|---|---|---|
| | | तलब, संचार, यातायात, दैनिक भ्रमण भत्ता आदी । | |
| ११.३.७.१ | आप्रावसी स्रोत केन्द्रको लागी मेशनरी तथा औजार | आप्रावसी स्रोत केन्द्र संचालन गर्न आवश्यक मेसनरी तथा औजार खरिदको लागि बजेट | आप्रवासी स्रोतकेन्द्र तथा उपकेन्द्र संचालनका लागि आवश्यक मेशनरी औजार तथा उपकरणमितव्ययी हुने गरी सार्बजानिक खरिद ऐन र नियम अनुसार खरिद गर्नेः कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेशिन, प्रोजेक्टर, क्यामरा, स्पिकर, स्कानर आदि |
| २.४.१.३ | आप्रावसी स्रोत केन्द्रको कार्यालय संचालन खर्च/कर्मचारी भ्रमण/ शिरोभार खर्च | आप्रावसी स्रोत केन्द्र संचालन तथा व्यवस्थापनको लागि आवश्यक दैनिक खर्चः<br>• अफिस भाडा, संचार, यतायात, स्टेसनरी, बिजुली/पानी, कार्यालय सामान, सरसफाई, बैठक, कर्मचारी भर्ना ,भ्रमण खर्च, मर्मत सम्भार तथा सिरोभार खर्च आदी ।<br>• वित्तीय साक्षरता कक्षामा सहभागीहरुको कक्षा सम्पन्न भएपश्चात आवश्यकताको आधारमा वीउ पुँजी वितरण । | सम्बन्धित शिर्षकमा बिनियोजित बजेटको सिमाभित्र रही मितव्ययिता कायम हुने गरी प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च गर्नुपर्नेछ । |
| २.६.४.२ | आप्रावसी कामदारहरुको संजाल निर्माण | आप्रवासी कामदारहरुको संजाल निर्माणको लागि प्रारम्भिक भेला तथा छलफल बैठक, संजालको आवश्यकता र पहिचान, विधान तथा कानूनी प्रक्रिया, दर्ता आदिको लागि हुने खर्चः<br>• सहभागी खाजा<br>• स्टेशनरी तथा मसलन्द | आप्रवासी कामदार सञ्जाल निर्माणको लागि अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ अनुसार खर्च गर्नु पर्नेछ । |
| २.६.४.३ | आप्रावसी कामदारहरुको संजालको क्षमता अभिवृद्धि | आप्रवासी कामदारहरुको संजालको क्षमता अभिवृद्धिको लागि हुने क्रियाकलापहरूः<br>• आप्रवासी कामदार हकहित सुरक्षण समितिको | प्रचलित आर्थिक ऐन नियमको परिधिभित्र रही मितव्ययिता कायम गर्ने गरी खर्च गर्नु पर्नेछ । |

| | | | |
|---|---|---|---|
| | | नेतृत्व विकास, अवलोकन भ्रमण,<br>• संस्थागत विकास, कार्यालय व्यवस्थापन, नीति निर्माण, अभियान सञ्चालन, वकालतका लागि हुने खर्चः<br>○ आप्रवासी संजालको क्षमता बिकास तालिम (यातायात, खाजा/खाना बास)<br>○ स्टेशनरी तथा मसलन्द | |
| २.६.५.२ | स्थानीय अभियानकर्ताको सँगको अन्तरक्रिया तथा परिचालन खर्च | अभियानकर्ता परिचालनको लागि पहिचान, आवश्यकता र काम कर्तव्यप्रतिको जानकारी र सूचना आदानप्रदान, सचेतीकरणमा हुने आवश्यक खर्चः<br>▪ अभियानकर्ताहरुसँग अन्तरक्रिया बैठक (यातायात, खाजा/खाना बास)<br>▪ स्टेशनरी तथा मसलन्द आदि | सम्बन्धित कार्यक्रमको लागि भएको खर्च प्रचलित आर्थिक ऐन नियमको परिधिभित्र रही मितव्ययिता कायम गर्ने गरी खर्च गर्नु पर्नेछ । |
| १.२.११.१ | सामी परियोजना कर्यान्वयनको लागि स्थानीय सरकारको पदाधिकारी सँग समन्वय वैठक | सामी परियोजना कर्यान्वयनको लागि स्थानीय सरकारको पदाधिकारी सँग समन्वय वैठक लागि हुने खर्चः<br>• पदाधिकारी/कर्मचारीहरुलाई यातायात, खाजा/खाना तथा बास<br>• स्टेशनरी तथा मसलन्द | अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ अनुसार मितव्ययिता कायम गर्ने गरी खर्च गर्नुपर्नेछ । |
| २.६.६.१० | जिल्लाभित्र सामी परियोजनाको अर्ध वार्षिक तथा वार्षिक समीक्षा गोष्ठी | जिल्लाभित्र सामी परियोजनाको अर्ध वार्षिक समीक्षा गोष्ठीको हुने कियाकलाप तथा त्यसको लागि हुने खर्चः<br>• अर्धवार्षिक तथा वार्षिक योजना तर्जुमा र समीक्षा गोष्ठि | अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ अनुसार मितव्ययिता कायम गर्ने गरी खर्च गर्नुपर्नेछ । |

| | | | |
|---|---|---|---|
| | | • कर्मचारीहरुलाई यातायात, खाजा/खाना तथा बास<br>• स्टेशनरी तथा मसलन्द | |
| २.६.६.४ | रोजगार सेवा केन्द्र संगको सहकार्य | रोजगार संयोजकहरुसँग अन्तरक्रिया कार्यक्रम, छलफल, लक्षित समुह पहिचान र समन्वय खर्चः<br>• यातायात, खाजा/खाना, बैठक तथा बास<br>• स्टेशनरी तथा मसलन्द | अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ अनुसार मितव्ययिता कायम गर्ने गरी खर्च गर्नु पर्नेछ। |
| २.६.६.५ | सरोकारवालाहरुसंगको अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम (प्रहरी/पत्रकार/स्थानीय जनप्रतिनिधी/समुदायका अगुवाहरुलाई आप्रावसनको असर तथा प्रभाव/कामदारलाई समाजिक बहिस्करण प्रभाव न्यूनिकरण) | अभिमुखिकरण कार्यक्रम संचालनार्थ खर्च, जस्तैः चिया/ खाजा, खाना, स्टेसनरी र तालिम सामग्री व्यानर स्रोतव्यत्तीको पारिश्रिमक र स्थानीय यातायात आदि | अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ अनुसार मितव्ययिता कायम गर्ने गरी खर्च गर्नु पर्नेछ। |
| २.६.६.९ | स्थानीय आप्रावसी कामदारहरुको संजाल सदस्यहरूको वैठक तथा पैरवी कार्यक्रम | स्थानीय आप्रावसी कामदारहरुको संजाल सदस्यहरूको वैठक तथा पैरवी कार्यक्रम बैठकसञ्चालनको लागि हुने खर्च<br>○ यातायात, खाजा/खाना बास<br>○ स्टेशनरी तथा मसलन्द | अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ अनुसार खर्च गर्ने। |
| २.७.५.१ | अन्तराष्ट्रिय आप्रवासन दिवस | ▪ द्विवसिय कार्यक्रम, दीप प्रज्ज्वलन अन्तरक्रिया कार्यक्रम (यातायात, खाजा/खाना खर्च),<br>▪ सचेतनामुलक कार्यक्रम संचालन (सडक नाटक, | अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ अनुसार मितव्ययिता कायम गर्ने गरी खर्च गर्नुपर्नेछ। |

| | | | |
|---|---|---|---|
| | | गन्दर्भ गित आदि) तथा सूचना प्रबाह (रेडियो मार्फत) सम्बन्धी खर्च | |
| २.७.५.३ | सुरक्षित वैदेसिक रोजगारका विभिन्न सवालहरुमा रेडियो जिगंल प्रशारण | • सुरक्षित वैदेसिक रोजगारका विभिन्न सवालहरुमा रेडियो जिङ्गल प्रशारण, स्थानीय केश स्टोरी तथा घटना तयारी र प्रशारण खर्च | • स्थानीय रेडियो तथा TV बाट प्रशारण गर्नुपर्ने ।<br>• न्यूनतम १५०० पटक तथा प्रति पटक ४० सेकेण्ड समयको प्रशारण हुनुपर्ने ।<br>• प्रशारित रेडियो जिङ्गलको प्रतिलिपि प्रमाण स्वरूप राखु पर्ने। |
| २.७.५.४ | सुरक्षित वैदेशिक रोजगारी सम्बन्धि सूचना साम्रगी उत्पादन तथा प्रकाशन | सुरक्षित वैदेशिक रोजगारी सम्बन्धि बिभिन्न जानकारीमुलक पर्चा तयारी तथा छपाई खर्च | प्रचलित ऐन नियम अनुसार खर्च गर्ने। |
| २.७.२५.२ | मनोसामाजिक परामर्श संचालन खर्च | वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका आप्रवासी कामदार तथा उनक घरपरिवारका सदस्यहरुलाई आवश्यक मनोसामाजिक पारामर्श सेवाको लागि नियुक्त परामर्शकर्ताको लागि दैनिक भत्ता , यातायात खर्च, संचार खर्च, स्टेसनरी, तालिम चिया/खाजा खर्च आदि | प्रचलित ऐन नियम अनुसार खर्च गर्ने। |
| २.७.२५.३ | वित्तीय साक्षरता कार्यक्रम संचालन खर्च | वैदेशिक रोजगारीमा गएका आप्रवासी कामदारहरूका घरपरिवारका सदस्यहरुलाई वित्तीय साक्षरता कक्षा संचालनको लागि नियुक्त वित्तीय साक्षरता सहजकर्ताको दैनिक भत्ता, यातायात खर्च, संचार खर्च, स्टेसनरी, चिया/खाजा खर्च आदि | प्रचलित ऐन नियम अनुसार खर्च गर्ने |
| २.७.२५.४ | वैदेशिक रोजगारीमा जान चाहने सम्भावित | वैदेशिक रोजगारीका लागि संभावित कामदारहरूलाई गहन अभिमुखिकरण कार्यक्रम संचालनार्थ खर्च, | कार्यक्रमको उद्देश्य अनुरूप लक्ष्य हासिल हुने गरीअर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका |

| | | | |
|---|---|---|---|
| | कामदारहरूलाई गहन अभिमुखिकरण कार्यक्रम | जस्तैः चिया, खाजा, तालिम सामग्री, व्यानर र कर्मचारीको लागि यातायातखर्च आदि | २०७७ अनुसार खर्च गर्ने। |
| २.७.२५.३८ | वैदेशिक रोजगारी सम्बन्धी स्थानीय तहको प्रोफाईल निर्माण | • तथ्यांक संकलक (गणक) हरुलाई दुई दिने अभिमुखीकरण तालिम(खाजा, यातायात, बास),<br>• तथ्यांक संकलक (गणक) हरुलाई पारिश्रमिक,<br>• स्टेशनरी तथा मसलन्द<br>• डाटा विश्लेषण, प्रतिबेदन तयारी तथा अनुगमन, प्रोफाइल छपाई | कार्यक्रमको उद्देश्य अनुरूप लक्ष्य हासिल हुने गरी अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ अनुसार खर्च गर्ने। |
| २.७.२५.६३ | आप्रवासी स्रोत केन्द्र र जिल्ला प्रशासन कार्यलयको प्रतिनिधि, स्थानीय तहको प्रतिनिधि र परियोजना कर्मचारी सँगको समन्वय वैठक | आप्रवासी स्रोत केन्द्र र जिल्ला प्रशासन कार्यलयको प्रतिनिधि, स्थानीय तहको प्रतिनिधि र परियोजना कर्मचारी सँगको समन्वय वैठकको लागि हुने खर्चः<br>• यातायात , खाजा खर्च<br>• स्टेशनरी तथा मसलन्द | अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ अनुसार खर्च गर्ने। |
| २.६.५.३ | समुदाय अभिमुखिकरण कार्यक्रम | समुदायमा स्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालनार्थ खर्च, जस्तैः चिया/ खाजा, तालिम सामग्री व्यानर र कर्मचारीको लागि यातायातखर्च आदि | कार्यक्रमको उद्देश्य अनुरूप लक्ष्य हासिल हुने गरी अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ अनुसार खर्च गर्ने। |
| २.८.१.३ | सम्बन्धित सरोकारबालाहरु बाट परियोजना अनुगमन तथा मुल्यांकन | • यातायात, खाजा/खाना खर्च,<br>• स्टेशनरी तथा मसलन्द खर्च, | • कार्यक्रमको उद्देश्य अनुसार भ्रमण खर्च गर्ने।<br>• भ्रमण आदेश र भ्रमण प्रतिवेदन अनिवार्य गर्ने। |